# अन्नपुर्ण गाँउपालिका

## स्थानिय राजपत्र

वर्षः १ खण्डः ५ मितिः २०७७।०६।१९

भाग १


## अन्नपुर्ण गाँउपालिकाको संघ, संस्था, दर्ता तथा नविकरण ऐन २०७५

प्रस्तावनाः यस गाँउपालिका क्षेत्र भित्र सामाजिक संस्थाहरुको स्थापना दर्ता तथा नविकरण कार्यलाई ब्यवस्थित गर्ने सम्बन्धमा व्यवस्था गर्न बाञ्छनिय भएकोले स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी अन्नपुर्ण गाँउपालिकाको संस्था दर्ता तथा नविकरण सम्बन्धी ऐन २०७५ तर्जुमा गरी लागु गरिएको छ ।

**१ संक्षिप्त नामः** (१) यस ऐनको नाम अन्नपुर्ण गाँउपालिकाको संघ, संस्था, दर्ता तथा नविकरण ऐन २०७५ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२ परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) " संस्था" भन्नाले सामाजिक, आर्थिक, साहित्यिक, बैज्ञानिक, शौक्षिक, बौदिक, तथा परोपकारी कार्यको विकास एवं विस्तार गर्ने उधेश्यले स्थापना भएको संघ, संस्था, क्लब, परिषद, अध्ययन केन्द्र समुह आदि सम्झनु पर्दछ ।

(ख) "गाँउपालिका" भन्नाले अन्नपुर्ण गाँउपालिकालाई सम्झनु पर्दछ ।

(ग) "अध्यक्ष" भन्नाले अन्नपुर्ण गाँउपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(घ) "उपाध्यक्ष" भन्नाले अन्नपुर्ण गाँउपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले अन्नपुर्ण गाँउपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ ।

(च) "कार्यालय" भन्नाले अन्नपुर्ण गाँउपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(छ) "सम्बन्धीत शाखा" भन्नाले संस्था दर्ता तथा नविकरण सम्बन्धी कार्य गर्ने शाखालाई सम्झनु पर्दछ ।

(ज) "प्रबन्ध समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको समितिलाई सम्झनु पर्दछ ।

(झ) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम भन्ने सम्झनु पर्दछ ।

**३ दर्ता नगरी संस्था खोल्न नहुनेः** यस ऐन बमोजिम सस्था गठन गर्न चाहेमा गठन पश्चात सस्था दर्ता नगरी कामकाज गर्नु हुदैन ।

**४ संस्थाको दर्ता र नविकरणः** (१) संस्था स्थापना गर्न चाहनेले कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरुले अनुसुची (१) बमोजिमको ढाँचामा कार्यालयमा निबेदन दिनुपर्दछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकिय अधिकृतले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा एक हप्ताभित्र तोकिएको शुल्क लिई संस्था दर्ता गरी अनुसुची -२ बमोजिमको ढाँचामा प्रमाण पत्र दिईने छ ।

(३) प्रत्येक संस्थाले आर्थिक वर्ष समाप्त भएको २ महिनाभित्र नविकरण गरि सक्नुपर्नेछ । यदी ३ महिनाभित्र नविकरण नगरेमा नविकरण शुल्कको १० प्रतिशत थप रकम र सो भन्दा पछि २० प्रतिशत शुल्क लाग्नेछ ।

**५ संगठित संस्था मानिनेः** (१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न, उत्तराधिकारीवाला स्वशासित र आफ्नो छुट्टै छाप भएको संगठित संस्था हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न र बेचिबिखन गर्न पाउने छ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर सोही नामबाट नालिस उजुर लाग्ने छ ।

**६ संस्थाको सम्पत्तिः** संस्थाको छुट्टै आफ्नो चल अचल सम्पत्ति हुनेछ ।

सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा कार्यालयले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा गर्ने वा रोक्का राख्नेबाट जफत गरी संस्थालाई फिर्ता बुझाई दिने छ ।

उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी कार्यालयले गरेको कारबाहीमा चित्त नबुझेमा चित्त नबुझ्ने व्यक्तिले प्रचलित कानुनले तोके बमोजिम पुनरावेदन गर्न सक्ने छ ।

**७ अन्यत्र दर्ता भई स्थापना भएका संस्था नविकरण गर्नेः** यो ऐन प्रारम्भ हुनु भन्दा अघि प्रचलित कानुन बमोजिम दर्ता भई स्थापना भएका संस्थाले पनि यो ऐन प्रारम्भ भए पछि यसै ऐन बमोजिम संस्था नविकरण गर्नु पर्नेछ ।

**८ संस्थाको उद्देश्य हेरफेरः** (१) संस्थाको उद्देश्य  हेरफेर गर्न आवश्यक देखेमा वा संस्था अर्को कुनै संस्थासँग गाभिन उपयुक्त देखेमा संस्थाको प्रबन्ध समितिले तत् सम्बन्धी प्रस्ताव पारित गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्ने छ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यले समर्थन जनाएमा सो प्रस्ताव पारित भएको मानिने छ तर उक्त निर्णय लागु गर्नु पूर्ब कार्यालयको स्विकृत लिनु पर्नेछ ।

**९ हिसाब विवरण पठाउनु पर्नेः** प्रबन्ध समितिले सामाजिक लेखा परिक्षण गरी आफ्नो संस्थाको हिसाब विवरण लेखापरिक्षणको प्रतिवेदन सहित प्रत्येक वर्ष कार्यालयमा पेश गर्नुपर्ने छ ।

**१० हिसाब जाँच गर्नेः** (१) कार्यालयले आवश्यक देखेमा संस्थाको हिसाब कार्यालयको अधिकार प्राप्त अधिकारीबाट जाँच गराउन सक्नेछ ।

(२) हिसाब जाँच गर्ने अधिकारीले मागेको विवरण तथा कागजपत्र एवं सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी ,सदस्य र कर्मचारी सबैको कर्तव्य हुनेछ ।

(३) हिसाब जाँच गर्ने अधिकारीले कार्यालयले तोकिएको म्यादभित्र हिसाब जाँचको प्रतिवेदन प्रमुख प्रशासकिय अधिकृत समक्ष पेश गर्नु पर्ने छ ।

सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको ,नोक्सान गरेको वा दुरुपयोग गरेको देखिन आएमा गाँउकार्यपालिकाको बैठकको निर्णय अनुसार असुल उपर गर्न /गराउन आदेश दिनेछ ।

**११ दण्ड सजायः** (१) दफा (३) बमोजिम कार्यालयमा दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा (७) बमोजिम नविकरण नगरी संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाको प्रबन्ध समितिको सदस्यलाई कार्यालयले जनही **एक हजार रुपैया** जरिवाना गर्न सक्नेछ ।

(२) उपदफा (९) बमोजिम हिसाबको विवरण नपठाएमा सस्थाको नविकरणको कारबाहि अगाडि बढाउन सकिने छैन ।

प्रबन्ध समितिका सदस्यलाई जनही **एक सय रुपैया** जरिवाना गर्न सकिने छ । तर कुनै सदस्यले दफा (९) उल्लघन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोषजनक प्रमाण पेश गर्न सकेमा निजलाई दण्ड सजाय गरिने छैन ।

(३) दफा (१०) को उपदफा (२) बमोजिम हिसाब जाँच गर्न सम्बन्धित अधिकारी वा पदाधिकारीले मागेको विवरण तथा कागजात वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी सदस्य वा कर्मचारीलाई कार्यालयले **एक सय रुपैया** सम्म जरिवाना गर्न सक्ने छ ।

(४) दफा (८) बमोजिम कार्यालयको पुर्व स्विकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकुल हुने गरी काम कारबाही गरेमा र कार्यालयको निर्देशन पालना नगरेमा कार्यालयले त्यस्तो संस्थाको दर्ता निलम्वन वा खारेज गर्न सक्ने छ ।

**१२ पुनरावेदनः** दफा (११) बमोजिम कार्यालयले गरेको अन्तिम निर्णय उपर ३५ दिन भित्र तोकिएको अदालतमा पुनरावेदन लाग्ने छ ।

**१३ संस्थाको विघटन र त्यसको परिणामः** (१) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पत्ति यस कार्यालयमा सर्ने छ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा संस्थाको सम्पत्तिले थामे सम्म त्यस्तो दायित्व गाँउपालिकाले व्यहोर्ने छ ।

**१४ नियम बनाउने अधिकारः** यस ऐनको कार्यान्वयन गर्न गाँउकार्यपालिकाले आवश्यक नियम बनाउन सक्ने छ ।

**१५ अधिकार प्रत्यायोजनः** यो ऐन वा यस अन्तर्गत बनेको नियमको कार्यान्वनको लागि प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको कर्मचारीलाई अधिकारको प्रत्यायोजन गर्न सकिने छ ।

**१६ अन्य ऐन कानुन बमोजिम दर्ता र स्थापना गर्नु पर्नेः** कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा संघिय वा प्रदेश कानुनमा छट्टै व्यवस्था भएकोमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि त्यस्तो संस्था सोही ऐन बमोजिम दर्ता वा स्थापना र सञ्चालन गर्न सकीनेछ ।

**१७** संघीय वा प्रदेश कानुन विपरित भएका दफा सोही कानुन अनुसार खारेज वा परिमार्जन हुनेछन ।

अनुसची १

दफा ४ सँग सम्बन्धित

श्रीमान् प्रमुख प्रशासिकय अधिकृत ज्यु
अन्नपुर्ण गाँउपालि कागाँउकार्यपालिको कार्यालय
पोखरेबगर म्याग्दी ।

विषयः संस्था दर्ता गरी पाँउ ।

महोदय प्रस्तुत विषयमा तपशिल बमोजिमका विवरण तथा कागजातहरु संलग्न गरी संस्था दर्ताको लागि यो निवेदन पेश गरेको छु ।

तपिशलः

१ संस्थाको नामः

२ संस्थाको कार्यालय रहने स्थान र ठेगानाः

सलग्न कागजातहरुः

१ निर्दीष्ट नमूना बमिजमको संस्थाको विधानः

२ वडा कार्यालयको सिफारिसः

३ प्रबन्ध समितिको पदाधिकारीहरुको प्रत्येकको नागरिकताको प्रतिलिपीः

४ संस्थाको आफ्नो विधान बमोजिमको प्रस्तावित छापः

निवेदककोः

नामः

अध्यक्षः

हस्ताक्षरः

मितिः

अनुसुची २

दफा ४ (२) सँग सम्बन्धित

अन्नपूर्ण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोखरेबगर, म्याग्दी

दर्ता न र जारी मिति

गण्डकी प्रदेश,नेपाल

मितिः

## संस्था दर्ता प्रमाण पत्र

श्री ......................................................................

.......................................................................................

..........................................................................................

प्रस्तुत विषयमा तपाईलाई अन्नपुर्ण गाँउपालिका संस्था दर्ता तथा नविकरण सम्बन्धी ऐन २०७५ को दफा ४ (२) बमोजिम यो प्रमाणपत्र प्रदान गरिएको छ । प्रचलित काननुको परिधि भित्र रही सार्वजनिक हितमा संस्थाको विधान अनुसार आफ्ना गतिबिधिहरु सञ्चालन गर्नुहोला ।

| | |
|---|---|
| संस्थाको नाम | |
| संस्थाको अध्यक्षको नाम | |
| संस्था कार्यालय रहने ठेगाना | |
| जारी मिति | |
| कार्यक्षेत्र | |

..........................................

नविकरण सम्बन्धी व्यवस्थाः

| सि न | नविकरण भएको मिति | अवधि | रकम र र न | जारी गर्नेको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

प्रमाणिकरण मितिः २०७५।०८।०५

राजपत्रमा प्रकाशित मितिः २०७७।०६।१९

आज्ञाले,

नविन सुवेदी

प्रमुख प्रशासकिय अधिकृत